आज मिति २०७९ असार १० गतेका दिन यस कमलामाई नगरपालिका सिन्धुलीको नगरसभाको ११ औ अधिवेसन नगर प्रमुख उपेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतमा तपशिल अनुरुपको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

| | |
|---|---|
| उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| मन्जु देवकोटा | उप प्रमुख |
| नरेश गोले | वडा अध्यक्ष |
| इन्द्र वाईबा | वडा अध्यक्ष |
| खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष |
| महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष |
| पुर्ण बहादुर खड्का | वडा अध्यक्ष |
| उज्वल कुमार थापा | वडा अध्यक्ष |
| कर्णबहादुर घिसिङ | वडा अध्यक्ष |
| कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष |
| विनोद प्रधान | वडा अध्यक्ष |
| दिप बहादुर कार्की | वडा अध्यक्ष |
| राम बहादुर थिङ | वडा अध्यक्ष |
| भिम बहादुर गुर्मछान | वडा अध्यक्ष |
| केशर बहादुर कार्की | वडा अध्यक्ष |
| राजन न्यौपाने | वडा अध्यक्ष |
| मनिशा पोखरेल | महिला सदस्य |
| इन्दु वि.क. | दलित महिला सदस्य |

| | |
|---|---|
| केशव माझी | सदस्य |
| सुर्य बहादुर पाखिन | सदस्य |
| शोभा माया घलान | महिला सदस्य |
| सुन्तली कमिनी | दलित महिला सदस्य |
| डम्बर बहादुर | बम्जन सदस्य |
| पुष्प बहादुर सुनुवार | सदस्य |
| कुसा आचार्य | महिला सदस्य |
| हिरा कुमारी सार्की | दलित महिला सदस्य |
| खेम बहादुर राई (हायु) | सदस्य |
| शोभा सिं स्याङ्वा | सदस्य |
| ~~शिव कुमारी [illegible]~~ | ~~महिला सदस्य~~ |
| श्रीमती गोरी सर्किनी | दलित महिला सदस्य |
| युवराज श्रेष्ट | सदस्य |
| ~~[illegible]~~ | ~~सदस्य~~ |
| ~~[illegible]~~ | ~~महिला सदस्य~~ |
| कान्छीमाया सार्की | दलित महिला सदस्य |
| टेक बहादुर तामाङ | सदस्य |
| प्रकाश सुनुवार | सदस्य |
| कुसुम कुमारी तामाङ | महिला सदस्य |
| निर्मला परियार | दलित महिला सदस्य |
| उत्पल खड्का | सदस्य |
| खड्ग ध्वज कार्की | सदस्य |

| | |
|---|---|
| बेन कुमारी बस्नेत | महिला सदस्य |
| उषा वि.क. | दलित महिला सदस्य |
| सोम बहादुर बल | सदस्य |
| शुकुलाल लामा | सदस्य |
| जिवन माया सुनुवार (ठकुरी) | महिला सदस्य |
| जानुका कुमारी विश्वकर्मा | दलित महिला सदस्य |
| तुलक बहादुर स्याङतान | सदस्य |
| ईन्द्र बहादुर बस्नेत | सदस्य |
| गिता कुमारी मगर | महिला सदस्य |
| दिनेश चौपाने | सदस्य |
| गोविन्द ढुङ्गेल | सदस्य |
| कर्ण माया आले | महिला सदस्य |
| चमेली माया सार्की | दलित महिला सदस्य |
| गुण हरि पौडेल | सदस्य |
| कमल कुमार कार्की | सदस्य |
| लाल कुमारी पाण्डे | महिला सदस्य |
| ~~उमा विश्वकर्मा~~ | ~~दलित महिला सदस्य~~ |
| अजय तामाङ | ~~सदस्य~~ |
| रुद्र बहादुर राना मगर | दस्य |
| डम्बर कुमारी सिंजाली मगर | महिला सदस्य |
| मुना परियार | दलित महिला सदस्य |
| कुल बहादुर तामाङ | सदस्य |
| मिरा कुमारी दमाई | सदस्य |

| | |
|---|---|
| केशर बहादुर भुजेल | सदस्य |
| ~~देवी देवकोटा~~ | ~~महिला सदस्य~~ |
| विमला कामी दलित | महिला सदस्य |
| रित बहादुर ~~[illegible]~~ पहरी | सदस्य |
| भुवन बहादुर माझि | सदस्य |
| तारा माझी | महिला सदस्य |
| पवित्रा विश्वकर्मा | दलित महिला सदस्य |
| ध्रुव बहादुर माझी | सदस्य |
| बुद्धिलाल अधिकारी | सदस्य |
| भद्रिमाया हायु | कार्यपालिका सदस्य |
| जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| उमा विश्वकर्मा | कार्यपालका सदस्य |
| शिव कुमारी राममाझी | कार्यपालिका सदस्य |
| धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| देवी देवकोटा | कार्यपालिका सदस्य |
| राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| मान बहादुर दमै | कार्यपालिका सदस्य |
| विश्वकसेन ढकाल | सदस्य सचिव ,प्रमुख प्रशासकिय अधिकृत |

# एघारौ नगरसभाको प्रथम अधिवेशनका प्रस्तावहरु तथा निर्णयहरु

**प्रस्ताव नं. १** : धन्यवाद दिने सम्बन्धमा ।

**प्रस्तावनं. २** : नगरप्रमुखज्यूबाट आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रम पेश सम्बन्धमा ।

**प्रस्ताव नं. ३** : नगरउपप्रमुखज्यूबाट बजेट वक्तव्य सहित विनियोजन विधेयक र आर्थिक विधेयक पेश सम्बन्धमा ।

**प्रस्ताव नं: ४** : न्यायीक समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं. ५** : विविध सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १** : प्रस्ताव नं.१ का विषयमा सभाध्यक्ष एवं नगरप्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूले निर्वाचनमा आफ्नो अमूल्य मतदान गर्नुहुने सम्पूर्ण मतदाताहरु , निश्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउने निर्वाचन आयोग तथा राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकाय, राजनैतिक दल, प्रेस जगत लगायत सव्य र भव्य रुपमा स्थानीय तहको निर्वाचन सम्पन्न गराउन योगदान गर्नुहुने सवै प्रति धन्यवाद दिनु भयो र यसलाई सवै सभासदस्यज्यूहरुबाट अनुमोदन गरियो ।

**निर्णय नं: २** : प्रस्ताव नं २ का विषयमा एघारौ सभामा नगरप्रमुखज्यूले वाचन गर्नुभएको आगामि आर्थिक वर्ष २०७९/८० को वार्षीक नीति तथा कार्यक्रम माथि सभाका सदस्यज्यूहरुले आ-आफ्नो धारणा राख्नु भयो । सदस्यज्यूहरले राख्नु भएको धारणालाई समेत समेट्दै नगरको वार्षीक नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३** : प्रस्ताव नं ३ मा नगरउपप्रमुख श्री मन्जु देवकोटाज्यूले आगामि आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य सभामा पेश गर्नुभयो र सो सँगै आर्थिक विधेयक २०७९ तथा विनियोजन विधेयक २०७९ सभाका सदस्यज्यूहरु समक्ष पेश गर्नुभयो, नगरउपप्रमुखज्यूले पेश गर्नुभएको बजेट वक्तव्य, आर्थिक विधेयक र विनियोजन विधेयक माथि छलफल पश्चात सभाका सदस्यज्यूहरुले सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** : प्रस्ताव नं ४ का सम्बन्धमा कार्यपालिकाको बैठकबाट निर्णय भइ आए अनुसार कमलामाई नगरपालिकाको न्यायीक समित गठन देहाय बमोजिम गर्ने निर्णय सर्वसम्मतिले अनुमोदन गरियो ।

न्यायीक समिति संयोजक – उपप्रमुख श्री मन्जु देवकोटा
न्यायीक समिति सदस्य – श्री नरेश गोले
न्यायीक समिति सदस्य – श्री शिव कुमारी रायमाझी

**निर्णय नं ५** : प्रस्ताव नं ५ विविधका सम्बन्धमा एघारौ नगरसभाले माथिका विषयहरुलाई सर्वसम्मत पारित गर्दै नगरसभाका विनियोजन विधेयकको बाँडफाँड बाँकी केही विषयहरु र केही निर्णय गर्नुपर्ने प्रशासनिक विषयका सम्बन्धमा कार्यपालिकाको बैठकबाट निर्णय गराई पेश गर्ने गरी आगामि २०७९ साल असार २४ एघारौ नगरसभाको दोश्रो अधिवेशन पूनः बस्ने निर्णय गर्दै यो प्रथम अधिवेशन अन्त भएको घोषणा गरियो ।

कमलामाई नगरपालिकाका नगरप्रमुख उपेन्द्रकुमार पोखरेल ज्यूबाट आर्थिक वर्ष २०७९/०८० को लागि कमलामाई नगरपालिकाले अवलम्बन्न गरिने नीति तथा कार्यक्रमहरुको प्रस्तुती :

कमलामाई नगरपालिकाका उपप्रमुख ज्यु,
उपस्थित नगरसभा सदस्यज्यू हरु,

यस गरिमामय सभामा नगरको समृद्धिको अठोट लिएर हामीले आगामी एक वर्षमा गरिने सवै गतिविधीहरुको मार्गदर्शनको रुपमा रहेको नगरको नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्नुभन्दा पहिले जनतालाई समृद्धि र अधिकारका लापि आफैले निर्णय गर्न सक्ने वनाउने लोकतान्त्रीक पद्धतिको वहाली गर्न आफ्नो अमुल्य जीवनलाई शहादत गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । सामाजिक रुपान्तरण र अधिकार प्राप्तीका लागि देशमा धेरै आन्दोलन र विद्रोहहरु भएका छन् ।यी भुमिकाहरु निर्वाह गर्दा घाइते, अङ्गभङ्ग र वेपत्ता हुनु भएकाहरु प्रति पनि आजको यस सभा मार्फत हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

लोकतन्त्रको संस्थागत विकासको धरातल स्थानीय सरकारको पाँच वर्षको पहिलो कार्यकाल समाप्ती भएसँगै नेपाल सरकारबाट समयमै दोस्रो पाँचवर्षे अवधीको लागि देशभर एकै समयमा स्थानीय तहको निर्वाचन अभूतपूर्व रुपमा सम्पन्न गरी हामी लगायत देशभरीका सवै स्थानीय सरकारहरुमा नयाँ जनप्रतिनिधीहरु जनताका वारेस वनेर जिम्मेवारी वहन गर्दै छौं । आज हामी दोश्रो पाँच वर्षे पदावधीको सुरुवातका दिनहरुमा नै नगरसभा जस्तो गरिमामयवैठकमा सहभागि हुँदै छौं । यो गर्वानुभूत हुने समय हो । यही अवसरमा नै म यस नगरसभाको तर्फबाट मतदानमा सहभागि हुनुहुने आम नेपाली जनताहरु, नेपाल सरकार, निर्वाचन आयोग र मातहतका निकायहरु लगायत अन्य सवै संघसंस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

लोकतन्त्रको प्रथम पाँच वर्षका अवधीहरुमा धेरै सिकाईहरु थिए। यसैबेला जनताका चाहना र आवश्यकताहरु असीमित पनि थिए ।जनताका चाहना र आवश्यकता भन्दा हामीसँग उपलब्ध साधन र स्रोत निकै कम थियो । यस्तो असमान अवस्थामा पनि आफ्नो पहिलो पाँच वर्षको अवधिमा उपलब्धी भएका सामाजिक, राजनीतिक, भौतिक प्रगतिका भारित सुचकहरुले नगरलाई मार्गदर्शन गर्ने काम गर्‍यो भन्ने प्रमाणित गर्दछ । यो नै हाम्रो आगामी पाँच वर्षे अवधिकोलागि मार्गदर्शन हुनेछ भन्नेमा ढुक्क छु ।

लोकतन्त्रको वहाली पछि देश संघीयतामा प्रवेश गर्‍यो । देशभित्रका स्थानीय तहका पुराना राजनितिक सिमानाहरु फेरिए सँगै स्थानीय सरकारको अवधारणा कार्यान्वयनमा आयो । निश्चय नै सरकार कुनै पनि स्थान विशेषको जनताले चुनेर पठाएका सर्वोच्च प्रतिनिधीमुलक निकाय हो । सरकारले नै आफ्नो अधिकारक्षेत्र भित्रका साधन र स्रोतको पहिचान गरी त्यसको समुचित संयोजन र व्यवस्थापन गर्दै जनताको उच्चतम् हितर सन्तुष्टि प्रत्याभूत गर्नकोलागि सतत् प्रयास गर्दछ । त्यही प्रयासमा हामी पनि छौं रहाम्रो प्रयासको प्रभावकारितालाई अभिबृद्धि गर्न सरकारी, गैरसरकारी, निजी तथा व्यक्तिगत सहयोगको आवश्यकता पर्ने हुन्छ । आगामी पाँच वर्षे कार्यकालमा नगरको दिगो र समानुपातिक विकास, सहभागितामुलक र जिम्मेवारीपुर्ण सहयोग, पर्यावरण मैत्री र विपद् रहित नगर साथै समानता र सामाजिक

सुरक्षा प्रत्याभूत नागरिक जीवन प्राप्तीको लागि नगरलाई प्राप्त साधन र स्रोतको संयोजन गर्न निम्नलिखित क्षेत्रगत नीति तय गरेको छ ।

कमलामाई नगरपालिकाले तय गरेका तपशिलका नीतिहरु सामान्यतया राष्ट्रबाट जारी भएको आवधिक योजनाका लक्ष्यहरुमा योगदान पुग्न सक्ने, राष्ट्रिय तथा राष्ट्रले अनुमोदन गरेका साथै पक्ष राष्ट्र भएर गरेका अन्तर्राष्ट्रिय सन्धी, सम्झौताहरुको सम्मान गर्ने, दिगो विकास लक्ष्यलाई योगदान पुग्ने र नगरको चौतर्फी विकासमासहयोग पुग्न सक्ने उद्देश्यमा परिलक्षित छ ।

१. आर्थिक विकास क्षेत्र सँग सम्बन्धित नीतिहरु :

क. कृषि

- नगरमा खेती गरिने जमिनको आकार घटदै गइरहेको अवस्थामा प्रति युनिट इकाई जमिनको उत्पादकत्व बढाइनेछ ।
- धानको विउको तयारीका लागि नगरक्षेत्रमा नै खास खास किसानहरुलाई "धान विउ उत्पादक" को रुपमा प्रवर्धन गरिनेछ ।
- नगरक्षेत्रमा उत्पादन हुने तरकारीको वजार, उपभोग र सुरक्षा प्रत्याभूत गराइनेछ ।
- तरकारी खेतीको ब्यासायिक उत्पादन गर्न चाहने कृषक वा संगठित कृषकहरुलाई उनीहरुको ब्यासायिक योजनाको आधारमा आवश्यकता अनुसार जग्गा प्राप्ती र अन्य साना अत्यावश्यक यान्त्रीकरणमा सहयोग गराइनेछ ।
- कृषि वालीमा हुनसक्ने विभिन्न रैथाने वा वाह्य किराहरुको अप्रत्यासित आक्रमणलाई रोक्न पुर्व तयारीमारहन सम्बन्धित वडालाई सहयोग गरिनेछ ।
- नगरक्षेत्रमा उत्पादन हुने भुईकटहर, रुखकटहर, केरा, कागती, लिची आदी जस्ता फलफुलहरुको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- ५ कठ्ठा भन्दा माथिको आकारमा अर्गानिक तरकारी उत्पादन गर्न चाहने कृषकलाई ब्यावसायिक योजनाको आधारमा जग्गा प्राप्ती तथा यान्त्रिकरणमा सहयोग गरिनेछ ।
- समयमै प्राप्त हुन कठिन वन्दै गइरहेको रासायनिक मलको पुर्व सञ्चितिकरणको लागि नगरका सहकारीहरुलाई अल्पकालिन कर्जाको ब्यवस्था गरिनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न पहल गरिनेछ ।
- सुकुम्बासी प्रमाणिकरण भैसकेका लागि जग्गा धनी पुर्जा वितरण कार्यलाई अगाडि बढाइनेछ ।
- नगरक्षेत्रका सम्भावित स्थानहरुलाई फसल उत्पादन पकेट क्षेत्रको रुपमा विकास र प्रोत्साहन गरिनेछ।
- नगरक्षेत्रमा उत्पादन हुने अदुवाको वजार सुनिश्चित गरिनेछ ।
- ब्यावशायिक कृषि अपनाएका किसानहरुको लागि प्लाष्टिक टनेल लाई नगरको अनुदानसँग आवद्ध गरिनेछ ।
- "नगर उपप्रमुखसँग कृषक भेटघाट" कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- "वाली एम्बुलेन्स" सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

ख. पशु विकास

- नगर क्षेत्रमा भइरहेको पशु जन्य उत्पादनहरुलाई प्रोत्साहन गरिनेछ ।
- उन्नत जातका पशु र तिनीहरु सँग सम्बन्धित उत्पादन अभिबृद्धि गर्न किसानको ब्यावशायिक योजना अनुसार लगानी गरिनेछ ।
- नगर क्षेत्रमा एउटा ब्यवस्थित पशु वधशाला निर्माण गरिनेछ ।
- पशु विमा र पशु सुत्केरी खर्चलाई कायम गरिनेछ ।
- गोठ र खोर सुधार कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।
- भेटेरीनरी शिक्षा लिएका युवाहरुलाई न्यूनतम ३ (तीन) महिना स्वयंसेवा गर्न अभिप्रेरित गरिनेछ ।
- नगरक्षेत्र भित्र माछा र अण्डाको उत्पादनलाई वढाउन आवश्यक कदम चालिनेछ ।

ग. उद्योगतथा वाणिज्य

- उद्योग र रोजगारी प्रवर्धन गर्न विगतमा वाणिज्य वैकसँग भएको सहुलियत कर्जालाई सहज र प्रभावकारी वनाइनेछ ।
- उधोग व्यवसाय व्यापारको विकासमा जोड दिईनेछ ।
- डोका, डाला, नाङ्लो, थकरी, मुढा, सिन्का जस्ता वाँसजन्य र टपरी लगायत ठेकी, आरी जस्ता परम्परागत काठका सामाग्रीहरु घरेलु उद्योगमा दर्तागरी  उत्पादन गर्न चाहने उद्यमीहरुलाई सहुलियत ऋणको ब्यवस्था गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने आइरहेको विना धितो, विना ब्याज सहुलियत कर्जा लाई निरन्तरता दिइनेछ ।
- उद्योग र वाणिज्य क्षेत्रको विकास र प्रवर्धनमा सिन्धुली उद्योग वाणिज्य संघ लगायत अन्य लगानीकर्ता हरुसँग साझेदारी प्रवर्धन गर्ने । सार्वजनिक निजी साझेदारीलाई नगरको कुनै अत्यावश्यक क्षेत्रमा कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्र भित्रका ब्यक्तिहरुको उद्यमशिलता प्रवर्धन गर्न उनीहरुको उद्यमशिलता पहिचान गरी आवश्यक तालिम तथा साना उद्यम सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- ढाका कपडाको उत्पादनलाई अनुदान र लगानीमा जोडिनेछ ।
- भुईकटहरको जुसलाई टेट्राप्याकमा प्याकेजिङगर्न पहल गरिनेछ ।
- "उपप्रमुख उद्यमशिल कार्यक्रम" सञ्चालन गरिनेछ ।

घ. पर्यटन

- कमलामाई नगरपालिका १३ स्थित सुनखानी क्षेत्रको पर्यटन प्रवर्धन गरिनेछ ।
- आड-सिन्धुलीगढी पैदल मार्गलाई यसै वर्ष सम्पन्न गरिनेछ ।
- ऐतिहासिक ढनमना याक्सिसको पैदल मार्ग लाई पुनरनिर्माण र सञ्चालन गरिनेछ ।
- सिन्धुलीगढी दरवारमा पुरातात्विक वस्तुहरु स्थापित गर्ने र आय आर्जनको क्षेत्रमा उपयोग गरिनेछ ।

- कनपा १० दोभान क्षेत्रको आजाद स्मृति पार्कलाई थप आकर्षणका पुर्वाधार निर्माण गर्न पहल गरिने । चँदाहा खोलामा जलकृडाको लागि उपयुक्त पुर्वाधार निर्माण गर्न पहल गरिनेछ ।
- कमलामाई मन्दिरमा व्यवस्थित पार्क निर्माण गरिनेछ । कमला र ग्वाङ्खोला नदी संगममा जलकृडाको लागि उपयुक्त पुर्वाधार निर्माण गर्न पहल गरिनेछ ।
- ऐतिहासिक सम्पदाहरु, पाटीपौवाहरु, आहालहरु, चौताराहरुको संरक्षण गरिनेछ ।
- नगरक्षेत्रका विविध जातीका मौलिक पहिचानहरुलाई संग्राहलयमा व्यवस्थित गरिनेछ ।
- ढुंग्रेभन्ज्याङमा स्थापित होम स्टेलाई पुर्णतया सञ्चालन गरिनेछ ।
- कमलामाई नगरपालिका ६ स्थित पार्कलाई सार्वजनिक उपयोगमा ल्याइनेछ ।
- कमलामाई उद्‌गमस्थललाई धार्मिक तथा मनोरञ्जन् क्षेत्रमा विकास गर्न थप पहल गरिनेछ ।
- नगरक्षेत्र भित्रका अन्य धार्मिक आस्थाका स्थलहरुको प्रवर्धन गर्न विशेष पहल गरिनेछ ।
- कमलामाई नगरपालिका ६ जितपुरमा 'विजय पार्क' निर्माण गर्न पहल गरिनेछ ।
- परम्परागत वाद्यसामाग्रीहरु, तत्कालिन समयका दैनिकीमा प्रयोग हुने लोपोन्मुख सामानहरुको संरक्षण र प्रवर्धन गर्न पहल गरिनेछ ।
- कनपा ९ भिमानस्थित आजाद स्मृति पार्कलाई स्तरोन्नती गरिनेछ ।

ङ. सहकारी

- नगरक्षेत्र भित्रका सहकारीहरुलाई सामाजिक उत्तरदायित्वका गतिविधीहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- नगरक्षेत्रका सहकारी क्षेत्रको प्रवर्धन तथा दीगो विकासको नीति अवलम्बन गरिनेछ ।
- कोपोमिस (COPOMIS) को उपादेयता र प्रभावकारिता थप अभिबृद्धिगरिनेछ ।सम्पुर्ण सहकारीहरुलाई कोपोमिस (COPOMIS) प्रणालीमा जोडिनेछ ।
- कृषक र कृषि सहकारीहरुको प्रवर्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

च. नदीजन्य पदार्थ र खनिज

- नगरक्षेत्र भित्रका नदीहरुमा भएका नदीजन्य पदार्थहरुको उत्खनन् तथा निकासीलाई वातावरण मैत्री वनाइनेछ ।
- नगरक्षेत्र भित्रका स्लेट,चुनढुंगा जस्ता खनिजहरुको ब्यावशायीकरण गर्न आवश्यक पहल गरिनेछ ।

छ. रोजगार प्रवर्धन तथा गरीवी न्यूनीकरण

- वैदेशिक रोजगारबाट नगरक्षेत्रमा आएका नागरिकहरुको सीप तथा कलाको ब्यावशायीकरण गर्न सहुलियत ऋण सहयोग उपलब्ध गराइनेछ ।
- तत्कालिन समयका गरीवी निवारणका कार्यक्रमबाट सञ्चालित वचत कार्यक्रम मार्फत जम्मा भएको बचत रकम एकीन गरी त्यस्तो वचत रकमलाई आय आर्जन र जिविकोपार्जनमा लगाउन पहल गरिनेछ ।
- सामुहिकताको भावनाबाट अभिप्रेरित भएका युवाहरुको संगठित इकाईहरुलाई उनीहरुको ब्यावशायिक योजनाको आधारमा लगानी गर्न आवश्यक पहल गरिनेछ ।

ज. सुकुम्बासी तथा जग्गा व्यवस्थापन

- नगरक्षेत्र भित्रका अभिलेखिकरण गर्न बाँकी रहेका जमिनहरुको अभिलेखिकरण सम्पन्न गरिनेछ ।
- अभिलेखिकरण भई प्रमाणित भइसकेकाहरुलाई जग्गाधनी पुर्जा वितरण गरिनेछ ।

२. सामाजिक विकास क्षेत्रसँग सम्बन्धित नीतिहरु :

क. स्वास्थ सेवा

- विगतमा सञ्चालित विभिन्न स्वास्थ तथा पोषण अभियानहरुलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रमा एउटा ट्रमा सेन्टर खोल्न आवश्यक पहल गरिनेछ ।
- नगरक्षेत्र भित्रका स्वास्थ संस्थाहरुबाट प्रदान हुँदै आएको ९८ थरी निशुल्क औषधी उपलब्धतालाई सहज वनाइनेछ ।
- निशुल्क प्राप्त हुने औषधीहरुको उपलब्धतालाई थप प्रभावकारी वनाउने । वडास्तरसम्म पनि यस्ता औषधीहरुको उपलब्धता हुन सुनिश्चित गरिनेछ ।
- "नगरप्रमुख विपन्न स्वास्थ विमा कार्यक्रम" अन्तरगत नगरक्षेत्रका अपाङ्गता परिचयपत्र भएका, असहाय विपन्न ज्याला मजदुरीगर्ने नागरिकहरुको स्वास्थ विमा गरिनेछ ।
- सिन्धुली अस्पताललाई व्यवस्थित गर्ने नीति लिईनेछ ।
- अत्यावश्यकस्वास्थ सिविरहरु सञ्चालन गरिनेछ ।
- खुल्ला ब्यायामशालाहरु थप प्रसार गरिने ।
- नगरक्षेत्रभित्रका नागरिकहरुको लागि जिल्ला अस्पतालको सेवामा सुलभ र सहज पहुँच सुनिश्चित गरिनेछ ।
- प्रशुती अवस्थाका महिलाहरुको लागि अस्पताल आउने र फर्किन निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- ब्लड बैंक स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- दैवी प्रकोपमा परेका र विपन्नहरुका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- नगरक्षेत्रमा रहेका दीर्घ रोगीहरुका लागि घरघरमा स्वास्थ कर्मीहरु पठाई निशुल्क चेक जाँचको व्यवस्था गरिनेछ ।
- HIV रोग नियन्त्रण गर्ने कार्यक्रममा जोड दिईनेछ ।
- OCMCलाई व्यवस्थित गरिनेछ ।

ख. शिक्षा

- नगरक्षेत्रभित्र सञ्चालित औपचारिक अनौपचारिक शिक्षण तथा सिकाईलाई थप प्रभावकारी वनाउन स्वयंसेवी विज्ञहरुको समुह गठन गरी उक्त समुहलाई नगरक्षेत्रमा परिचालन गरिनेछ ।
- विभिन्न अपांगता भएका केटाकेटीहरुको विद्यालय पहुँचलाई सहज र प्राप्य वनाइनेछ ।
- अनाथ तथा असहाय विद्यार्थीहरुको लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
- नगरक्षेत्रका शिक्षकहरुको बृत्तिविकासमा जोड दिइनेछ ।

- सामुदायिक तथा नीजी विद्यालय विच शिक्षण तथा सिकाई पद्धति विच सहकार्य गर्ने व्यवस्था गरिनेछ ।
- नगरक्षेत्रभित्रका विद्यालयहरुको शिक्षण तथा सिकाई पद्धतिलाई थप गुणस्तर र प्राप्य वनाइनेछ ।
- 'एक विद्यालय एक अतिरिक्त विधा' मार्फत विद्यार्थीहरुको प्रतिभा प्रोत्साहन गरिनेछ ।
- जेहन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरुमा नैतिक आचरण र संस्कारको विकासका लागि प्रत्येक विद्यालयलाई अभिप्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा दिईदै आएको दिवा खाजाको रकममा थप गरिनेछ ।
- निबृत्त शिक्षक कर्मचारीहरुको उच्च सम्मान गरिनेछ ।
- नगरक्षेत्रभित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा छात्रावास निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- विद्यालय वस सेवालाई थप गर्न पहल गरिनेछ।
- वडामा रहेका विद्यालयहरुको समग्र व्यवस्थापनमा वडा समितीलाई जिम्मेवार र जवाफदेही वनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रलाई ब्यवस्थित र उद्देश्यमुखी वनाइनेछ ।
- नगरक्षेत्रका प्रत्येक क्याम्पसलाई एक एक जना उपप्राध्यापक र कर्मचारीको ब्यवस्थापन लागि सहयोग गरिनेछ ।
- उच्च शिक्षामा अनुसन्धानात्मक कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।

ग. सामाजिक आचरण, संस्कृतिको जगेर्ना र उत्तरदायित्व

- महिला र पुरुषको भुमिकालाई हरेक गतिविधीमा न्यायोचित, सम्मानित र स्वभाविक वनाउन नगरका हरेक गतिविधीहरुमा महिला र पुरुषको भुमिका संरचित गरिनेछ।
- नगरक्षेत्रभित्रका अन्तिम संस्कार गरिने क्षेत्रहरुलाई ब्यवस्थित गरिदै लगिने । दाह संस्कारमा आवश्यक हुने दाउरालाई सहुलियत र सहज प्राप्त हुने वनाइनेछ ।
- सामाजिक कुसंस्कार र अमर्यादित आचरणहरुलाई अन्त्य गर्न सून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
- परम्परागत विधी, मान्यता र संस्कृतिको संरक्षण गर्न हरेक वडामा मासिकरुपमा 'बडाहरुसँगको सतसंग' अभियान सञ्चालन गरिनेछ ।
- नगरक्षेत्र भित्रको कला र संस्कृतिलाई प्रचार, प्रसार र प्रवर्धन गरिनेछ । नगरक्षेत्रमा एक सांस्कृतिक केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- नगरक्षेत्रमा वन्ने सार्वजनिक पुर्वाधारहरुलाई अपांग एवं अशक्त मैत्री वनाउन पहल गरिनेछ ।
- कुनै पनि प्रकारको हिंसाउपर सून्य सहनशिलता अवलम्बन गरिनेछ । हिंसा पिडितहरुको लागि राहत र उद्धारको गतिविधीलाई छिटो, सुरक्षित र आत्मसम्मानयुक्त बनाइनेछ ।
- महिला शसक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा जेष्ठ नागरिक आश्रम स्थापना गर्न पहल गरिनेछ ।

- युवा मैत्री कार्यक्रमलाई नगरक्षेत्र भरी सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकलाई सम्मानित जीवन निर्वाह गराउन सहयोग पुर्‍याउने पारिवारिक सदस्यलाई सम्मान गरिनेछ ।
- महिला सेफहाउस सञ्चालन तथा ब्यवस्थित गरिनेछ ।
- महिला लेखा माला कार्यक्रम गराईनेछ ।
- लक्षित वर्गको प्रर्वदन तथा संरक्षण कार्यक्रम गर्ने नीति लिईनेछ ।
- लागु औषध कारोवार र उपभोगलाई नियन्त्रण गर्न नगरक्षेत्रमा सचेतना र कानूनी शिक्षा कार्यक्रमको सञ्चालन गरिनेछ ।

घ. खेलकुद

- मार्सल आर्ट,फुटवल, भलिवल र एथ्लेटिक्सलाई राष्ट्रियस्तरको स्पर्धामा पुर्‍याउन पहल गरिनेछ ।
- कालीमाटी रंगशालासम्म पुग्ने वाटो कालोपत्रे गर्न पहल गरिनेछ । कालीमाटी रंगशाला सञ्चालनमा ल्याइनेछ ।
- मेअर कप फुटवलाई निरन्तरता दिइनेछ ।
- क.न.पा. ६ स्थित खेलकुद मैदानमा प्यारापिट वनाउन पहल गरिनेछ ।
- राष्ट्रीय तथा नगरस्तरीय दिवसहरुमा विभिन्न खेलकुदहरु सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने नगरक्षेत्रका खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- उपप्रमुख कप भलिवल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. भौतिक पुर्वाधार विकास

क. सडक, यातायात, खानेपानी, सिचाई र आवास

- सडक कालोपत्रे गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । नगरक्षेत्रभित्रका उपयुक्त सडकहरुलाई कालोपत्रे गरिनेछ ।
- कमलामाई नगरपालिका स्थित वसपार्कलाई वहुतले वनाइनेछ ।
- निर्माण हुने, निर्माणाधिन र निर्माण सम्पन्न भैसकेको सडकमा वायो इन्जिनियरीङ र पानीको निकास सुनिश्चित गरिनेछ ।
- सडक निर्माण पश्चात सडकको रेखदेख र सम्भारको लागि स्थानीय लाभग्राहीहरुलाई नै जिम्मेवार वनाउने निती लिइनेछ ।
- रिङरोडको स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।
- निर्माण सामाग्रीको अनिवार्य गुणस्तर जाँच गरिने । गुणस्तर जाँच प्रविधीलाई थप विस्तार गरिनेछ ।
- नगरक्षेत्र भित्रका आवश्यक स्थानहरुमा पक्की पुल, झोलुङ्गेपुल तथा कजवे निर्माण गर्न पहल गरिनेछ ।
- नगरक्षेत्रभित्रका नागरिकहरुको खानेपानीसम्मको पहुँचलाई औसत १० मिनेटसम्म पुर्‍याइनेछ ।

- सिन्धुलीगढी र शिद्धबावा मन्दिर क्षेत्रमा खानेपानी व्यवस्थापनको कार्यलाई यसै आगामी आर्थिक वर्षबाट सुरुवात गरिनेछ ।
- सम्भाव्यता हेरेर नगरक्षेत्र भित्रका पानीको तह निकै तल भएका क्षेत्रमा इनार खन्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रमा सोलार बत्ती ब्यवस्थापन कार्यलाई निरन्तरता दिने । नगरका ३ क्षेत्रमा मास्ट लाइट ब्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्रको आवासलाई ब्यवस्थित गर्न निर्माणमा एकरुपता कायम गरिनेछ ।
- विपी राजमार्गका विभिन्न स्थानमा साना पुर्वाधार विकासका परियोजना माग गर्न जाइका नेपालसँग समन्वय गरिनेछ ।
- नगरक्षेत्र भित्रका परम्परागत एवं प्रणालीगत सिचाई मर्मत, नयाँ निर्माण र क्षमता वढाइनेछ ।

ख. सञ्चार

- नगरक्षेत्रभित्रका सेवा केन्द्र तथा विध्यालयहरुमा द्रुत गतिको सञ्चार नेटवर्क गरिनेछ ।
- सिसिटिभीको कभरेजलाई बढाइनेछ ।
- सिन्धुलीमाढी र भिमान वजारमा सार्वजनिक इन्टरनेट सेवा बुथ सञ्चालन गरिनेछ ।
- मोवाइल फोन तथा इन्टरनेट कभरेज नपुगेका स्थानहरुमा टावर निर्माण तथा सिग्नल पुर्‍याउन पहल गरिनेछ ।
- पत्रकार तथा पत्रकारिताको संस्थागत एवं पेशागत क्षमता अभिबृद्धि गर्न सहयोग गरिनेछ ।
- नगरवासीहरुलाई सवैखाले सुचनामा पहुँच एवं हक सुनिश्चित गर्न सुचनाको हक राष्ट्रिय महासंघसँग सहकार्य गरिनेछ ।

४. वन वातावरण र विपद ब्यवस्थापन

क. वन ब्यवस्थापन, वातावरण संरक्षण र विपद ब्यवस्थापन

- कमलामाई नगरक्षेत्र भित्रका रैथाने वनको संरक्षण कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।
- वनको प्राकृतिक विकासमा अवरोध नआउने किसिमले चरिचरण, सडक निर्माण र डँढेलोको ब्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्रका ठुला नदी किनाराहरुमा नदी नियन्त्रणलाई समेत सहयोग पुग्ने गरी वातावरण मैत्री करिडर निर्माण गरिनेछ ।
- अनाधिकृत किसिम र परिमाणमा हुने वनक्षेत्र तथा वनस्पतिको दोहनलाई निरुत्साहन गरिनेछ ।
- नगरक्षेत्रको वातावरणमा प्रमुख भुमिका नदी, बजार क्षेत्र र उद्योग क्षेत्रको संम्वेदनशिलतामा कडा नियमन कार्य अवलम्बन गरिनेछ ।

ख. वातावरण संरक्षण र विपद ब्यवस्थापन

- प्लाष्टिकको किनमेल झोलाको प्रयोगलाई निरुत्साहन गर्न उद्योग वाणिज्य संघ र नागरिक समाजसँग समन्वय र सहकार्य कायम गरिनेछ ।
- नगरका ५ स्थानहरुलाई प्लाष्टिक सुन्य वजार वनाउन पहल गरिनेछ ।

- नगरक्षेत्रका माध्यमिक विद्यालयहरुमा संगठित एन्को क्लवको क्षमता विकास गरिनेछ । उत्कृष्ठ एन्को क्लवहरुलाई पुरष्कृत गरिनेछ ।
- नदी नियन्त्रण कार्यमा वायो इन्जिनियरिङ र नदीवहाव क्षेत्रमा हुर्कने वनस्पतीहरुको संरक्षण गरिनेछ ।
- फोहोरबाट कम्पोष्टिङ र बायोग्याँस निकाल्ने कार्यको लागि उपयुक्त क्षेत्र तथा निकायहरुसँग समन्वय गरिनेछ ।
- वारुण यन्त्र र गार्वेज भेकलको थप उपलब्धताका लागि पहल गरिनेछ ।
- अर्लिवार्निङ र नदी सिर र पुछार सञ्चार कार्यलाई व्यवस्थित गरिनेछ ।
- उद्धार कार्यको लागि आवश्यक उपकरण र तालिमको व्यवस्था गरिनेछ ।
- बजार क्षेत्रको लागि मिनी ब्रुमरको उपलब्धताको लागि पहल गरिनेछ ।
- नगरक्षेत्र भित्रका सम्पुर्ण पार्कहरुलाई सरंक्षण र सम्भार गरिनेछ ।
- चुरेक्षेत्र र नगरका अन्यक्षेत्रबाट वहने नदीहरुको दिगो संरक्षणको लागि प्रयास गरिनेछ ।
- नगरक्षेत्र भित्र अन्य ल्याण्डफिल साइट स्थापना गर्न आवश्यक सर्वेक्षण र वातावरणीय असरको अध्ययन गरिनेछ ।
- प्रकृतीक सोत साधनको दिगो विकास, संरक्षण एवम न्यायोचीत उपयोगको नीति लिइनेछ ।

५. सुशासन तथा संस्थागत विकास

- नगरपालिकाको सेवा प्रवाह, विनियोजन विधयेक तथा कर शुल्क व्यवस्थापनको लागी ऐन नियम, निर्देशिका, कार्यविधी निर्माण तथा अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरकार्यपालिकाले सम्पादन गर्नुपर्ने कार्य र साखागत जिम्मेवारी र कर्मचारीहरुको दिगो व्यवस्थापनको लागि यसै बर्ष O & Mसर्वेक्षण गर्ने कार्यलाई अगाडि बढाउन एक कार्यदल गठन गरिनेछ ।
- नगरका वडा कार्यालय भवनहरु निर्माण कार्यको थालनीगरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई व्यवस्थित, प्रभावकारी, जवाफदेही, उत्तरदायी वनाउन सेवाको प्रकृति अनुसार माहाशाखा, शाखा , उपशाखा तयगरी सेवा प्रवाह गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको ब्यावशायिकता र क्षमता अभिबृद्धि गर्न तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- अन्तर्राष्ट्रिय नगरहरुसँग भएको भगिनी सम्बन्धलाई नगरपालिकाको समृद्धिका लागि उपयोग गरिनेछ ।
- नगरक्षेत्रभित्र काम गर्ने गैरसरकारी संस्थाहरु र नीजी निकायहरु सँग ब्यावसायिक सम्बन्ध कायम गरिनेछ ।
- नगरक्षेत्रभित्रका ऐलानी एवं अब्यवस्थित जग्गाको अभिलेखिकरण गरी उपयोगमा ल्याउन पहल गरिनेछ ।
- नागरिक सैनिक सम्बन्धलाई नगरको हितमा ल्याउन पहल गरिनेछ ।

- न्यायिक समितिको व्यावशायिकता लाई विश्वसनीय र प्रभावकारी वनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सवैखाले नागरिकहरुलाई न्यायिक समितीमा पहुँचको सुनिश्चितता गरिनेछ।
- नगरपालिकामा आउने सेवाग्राहीहरुको सहजताको लागि सेवाग्राहीको सेवाको लागि कर्मचारीहरु सहितको हेल्पडेस्क व्यवस्थापन गरिनेछ।
- प्रविधी मैत्री सेवा अवलम्वन गर्न पहल गरिनेछ।
- नगरक्षेत्रको विविध गतिविधीहरुलाई सञ्चार माध्यम मार्फत देशविदेशमा प्रसार गरिनेछ।

६. वित्तीय व्यवस्थापन

- नगरको कर प्रणाली र शुल्कलाई आम नागरिकले स्विकार गर्न सक्ने गरी निर्धारण गरिने र करलाई प्रभावकारी क्षेत्रमा उपयोग गरिनेछ।
- नगरमा विविध करका क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुलाई करको दायरामा ल्याउन पहल गरिनेछ।
- कर शिक्षालाई हरेक नागरिकको बुझाई र आत्मसातको तहसम्म पुर्याईनेछ।
- नगरपालिकाको आय र व्ययलाई मासिक रुपमा नगरपालिकाको वेभ साइटमा राखिनेछ।
- बेरुजु र पेश्कीको आयतनलाई न्यूनीकरण गर्दै आगामी वर्षहरुमा वित्तिय अनुशासन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई हदैसम्म अवलम्बन गरिनेछ।

सम्मानित नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरु,
कमलामाई नगरपालिका विगतका लामो समयदेखि पहिचान र अस्तित्वको संघर्षमा लडदै लोकतन्त्रका वर्षदेखि विकास र समृद्धि अनुभूती गर्न लागेको हो भन्ने कुरामा दुईमत छैन। दुईवटा राष्ट्रिय राजमार्गहरु गुज्रेको, तराईका ठुला वजारक्षेत्रसँग नजिक रहेको, राजधानी शहरसँग पनि छोटो दुरीमा रहेको जस्ता विभिन्न अवसरहरुले सुसज्जित कमलामाई नगरपालिकाको थप विकास र समृद्धिका लागि तपाई हामी सवैको ऐक्यवद्धता र उर्जा आवश्यक रहन्छ। निश्वार्थ विकास प्राथमिकता र नगरबासिको आवश्यकता सम्बोधन गर्न प्रभावकारी र प्राप्य नगर विकास नीति आवश्यक पर्दछ। त्यसैले मैले सम्मानित सभामा यो नीति तथा कार्यक्रम पेश गरेकोछु। सम्मानित सभाबाट पारित हुनको लागि यहाँहरुसँग हार्दिक अनुरोध गर्दछु।

अन्तमा नगरको विकासका लागि मार्गदर्शनको रुपमा रहेको यो नीती तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने नगर उपप्रमुख ज्यू, वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभा सदस्यज्यू हरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत नगरकार्यपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरु लाई हार्दिक धन्यबाद व्यक्त गर्दछु।

**उपेन्द्रकुमार पोखरेल**

नगरप्रमुख
१० आषाढ, २०७९

## कमलामाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधयेक, २०७९

प्रस्तावना :

कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कमलामाई नगरपीलकाको नगरसभाबाट आर्थिंक विद्येयक २०७९ स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कमलामाई नगरपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि कमलामाई नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** नगरपालिका क्षेत्र भित्रको सबै क्षेत्रमा अनुसूचि १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर जग्गा वहालकर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि २ बमोजिम घर जग्गा वहालकर लगाइने र असूल उपर गरिनेछ ।

४. **व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि ३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका ठेला/ अटो, रिक्सा र इ-रिक्सा आदिमा अनुसूचि ४ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि ५ बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिनेछ । तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

७.. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि ६ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

८. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि ७ बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका, सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाट बजार वा पसल, सडक वा बाटो किनार आदि जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूचि ८ मा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसूचि ९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **अन्य सेवा शुल्क** : नगरपालिकाले फोहोरमैला व्यवस्थापन, सरसफाई, पार्क, शौचालय, अचल सम्पति मूल्याङ्कन, लेनदेनको कारोवार वडा बाट प्रमाणित गराएमा र तोकिएको अवधि भित्र सम्पतिकरको विवरण दाखिला नगरेमा सेवाग्राहीबाट अनूसूचि १० मा उल्लेखित सेवा शुल्क लगाई असूल उपर गरिनेछ ।

१२. **सिन्धुलीगढी प्रवेश शुल्क** : नगरपालिकाले आफ्नो पर्यटकीय क्षेत्र भित्र सिन्धुलीगढी प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची ११ मा उल्लेखित दरमा प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **खानी रोयल्टी बाट प्राप्त रकम** : काठ, दाउरा र खानी जन्य वस्तुको बिक्रीवाट नगरपालिकाले तोक अनुसार अनुसूचि १२ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१४. **दर्ता तथा नविकरण दस्तुर** : राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण नियमावली, २०७७ ले तोके बमोजिम अनुसूचि १३ अनुसारको शुल्क तथा दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

१५. **सरकारी सम्पति वहालबाट आय** : नगरपालिकाको सटर, पसल कवल, व्याक हो लोडर, भाईब्रेटर र हातेरोलर रोडरोलर, सक्सनट्याङ्ग र ड्रमट्रक भाडाबाट आउने अनुसूचि १४ मा उल्लेखित बहालबाट आय ।

१६. **नाता प्रमाणित दस्तुर** : नगरपालिका बाट उपलब्ध गराउने नाता प्रमाणित सिफारिश वापत अनुसूचि १५ बमोजिमको दस्तुर लिईनेछ ।

१७. **नक्शापास दस्तुर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भौतिक संरचनाको निर्माण गर्दा नगरपालिकाले तोके बमोजिम अनुसूचि १६ अनुसारको दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

१८. **सिफारिश दस्तुर** : नगरपालिकाले उपभोग मापन गर्न सकिने सेवा सुविधाहरु (निजी वस्तुहरु) उपलब्ध गराए वापत नगरपालिकाले तोके अनुसार अनुसूचि १७ मा उल्लेखित दरमा सेवाग्राहीबाट दस्तुर लिईनेछ ।

१९. **अन्य राजस्व विविध आय** : नगरपलिका तथा वडाबाट सेवा प्रवाह गर्दा नगरपालिकाले तोके अनुसार अनुसूचि १८ मा उल्लेखित दरमा सेवाग्राहीबाट दस्तुर लिईनेछ ।

२०. **कर छुट** :कमलामाई नगरपालिकाले अनुसूचि १९ मा व्यवस्था भए बमोजिम करमा सहुलियत वा छुट दिन सक्नेछ ।

२१. **मालपोत तथा भुमिकरः-** नगरपालिका क्षेत्र भित्रको सम्पतिकर लागु हुनुभन्दा पहिलाको बक्यौता असुल गर्न अनुसूचि २० वमोजिम मालपोत तथा भुमिकर लगाईने र असूल उपर गरिनेछ ।

२२. **दण्ड जरिवाना :** ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डले तोके अनुसार हुनेछ ।

२३. **कर तथा शुल्क संकलन सम्वन्धी अन्य व्यवस्था :** यस ऐनमा भएको व्यवस्था यसै वमोजिम र अन्यको हकमा यस ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

२४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर, दस्तुर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ । उल्लेख नभएका विषयको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

विश्वसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

## अनुसूची -१

### (दफा २ संग सम्वन्धित)

### ११३१३ सम्पत्ति करको दर : (वार्षिक)

| सि.नं. | मुल्यांकन रकम | | | | | सम्पतिकर (वार्षिक) दर रु. |
|---|---|---|---|---|---|---|
| १ | १ देखी | | देखि | २ लाख | सम्म | १००.०० |
| २ | २ लाख | १ | देखि | ४ लाख | सम्म | २००.०० |
| ३ | ४ लाख | १ | देखि | ६ लाख | सम्म | ३००.०० |
| ४ | ६ लाख | १ | देखि | १० लाख | सम्म | ४००.०० |
| ५ | १० लाख | १ | देखि | १२ लाख | सम्म | ५००.०० |
| ६ | १२ लाख | १ | देखि | १७ लाख | सम्म | ६००.०० |
| ७ | १७ लाख | १ | देखि | २० लाख | सम्म | ८००.०० |
| ८ | २० लाख | १ | देखि | २३ लाख | सम्म | १०००.०० |
| ९ | २३ लाख | १ | देखि | २६ लाख | सम्म | १३५०.०० |
| १० | २६ लाख | १ | देखि | ३० लाख | सम्म | १५००.०० |
| ११ | ३० लाख | १ | देखि | ३५ लाख | सम्म | २०००.०० |
| १२ | ३५ लाख | १ | देखि | ४० लाख | सम्म | २५००.०० |
| १३ | ४० लाख | १ | देखि | ४५ लाख | सम्म | ३०००.०० |
| १४ | ४५ लाख | १ | देखि | ५० लाख | सम्म | ४०००.०० |
| १५ | ५० लाख | १ | देखि | ६० लाख | सम्म | ५०००.०० |
| १६ | ६० लाख | १ | देखि | ७० लाख | सम्म | ६०००.०० |
| १७ | ७० लाख | १ | देखि | ८० लाख | सम्म | ७०००.०० |
| १८ | ८० लाख | १ | देखि | ९० लाख | सम्म | १००००.०० |
| १९ | ९० लाख | १ | देखि | १ कोिट | सम्म | १५०००.०० |
| २० | १ कोिट | १ | देखि | १ कोिट २० लाख | सम्म | २००००.०० |
| २१ | १ कोिट २० लाख | १ | देखि | १ कोिट ४० लाख | सम्म | २५०००.०० |
| २२ | १ कोिट ४० लाख | १ | देखि | १ कोिट ७५ लाख | सम्म | ३००००.०० |
| २३ | १ कोिट ७५ लाख | १ | देखी | २ कोिट ५० लाख | सम्म | ३५०००.०० |
| २४ | २ कोिट ५० लाख | १ | देखि | ३ कोिट ५० लाख | सम्म | ४५०००.०० |
| २५ | ३ कोिट छण लाख | १ | देखि | ४ कोिट | सम्म | ५५०००.०० |
| २६ | ४ कोिट | १ | देखि | ५ कोिट | सम्म | ७००००.०० |
| २७ | ५ करोड | १ | देखि | माथिको मूल्याङ्कनमा | | प्रति हजार रु.२ का दरले |

नोट : चालु आ.व.को पौष मशान्त भित्र सम्पति कर तिर्ने करदातालाई १०% छुट्ट दिईने छ। बक्यौता सम्पति कर भुक्तानी गर्दा देहाय अनुसार जरिबाना लाग्नेछ : एक वर्षको बक्यौतामा सोको वीस प्रतिशतले हुन आउने रकम र एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष दश प्रतिशतले हुन आउने रकम।

दिपकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूचि -२

(दफा ३ संग सम्वन्धित)

११३२१ बहालकर :-

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | संस्थगत घर वा जग्गा भाडाको धनीबाट वहाल रकमको | १०% | |
| २ | व्यक्तिगत घर वा जग्गा भाडाको धनीबाट वहाल रकमको | ६% | |

अनुसूचि -३

(दफा ४ संग सम्वन्धित)

११६१० व्यवसाय कर:

| क्र.सं. | व्यवसायको किसिम व्यापरिक वस्तु | वार्षिक कर | | | |
|---|---|---|---|---|---|
| | | क बर्ग | ख बर्ग | ग बर्ग | घ वर्ग |
| १ | डिपाटमेन्ट स्टार | ७०००.० | ३५००.० | २५०० | २००० |
| २. | किराना /खाद्यन्न | ५०००.० | २५००.० | ११०० | ७५० |
| ३. | कोल्ड स्टोस (मदिरा वाहेक) | १००००.० | ५०००.० | १००० | ५०० |
| ४. | मदिरा पसल | २००००.० | १५०००.० | १०००० | ५००० |
| ५. | इलेक्ट्रोनिक पसल | ५०००.० | २५००.० | १५०० | १२०० |
| ६. | इलेक्ट्रोनिक पसल मर्मत | ३०००.० | १५००.० | ७५० | ५०० |
| ७. | कस्मेटिक पसल | ५०००.० | ४०००.० | ३००० | १००० |
| ८. | मनिहारा तथा श्रृगांर | ४०००.० | १५००.० | ७५० | ५०० |
| ९. | रेडिमेड/फेन्सी | ५०००.० | २०००.० | ११०० | ७५० |
| १०. | कपडा पसल | ३००० | २५०० | १५०० | १००० |
| ११. | टेलर्स | २००० | १५०० | १००० | ७५० |
| १२. | सिलाई/कपडा सहीत | ४००० | ३००० | २००० | १५०० |
| १३. | होटल एण्ड लज | २००००.० | १००००.० | ५००० | ३००० |
| १४. | रेस्टुरेण्ट/क्याफे | ४०००.० | २०००.० | १००० | ५०० |
| १५. | खाजा घर, | ४०००.० | २०००.० | ११०० | ७५० |
| १६. | डेरी उद्योग | ८०००.० | ४०००.० | ३००० | २००० |
| १७. | दुध दही पसल | ५०००.० | ४०००.० | ३००० | २००० |
| १८. | चिया नास्ता पसल | ५०००.० | २०००.० | ११०० | ७५० |
| १९. | मिठाई पसल | ४०००.० | २०००.० | १००० | ५०० |
| २०. | पान पसल | ३०००.० | १५००.० | १००० | ५०० |
| २१. | सुर्तिजन्य पसल | ४०००.० | २०००.० | १००० | ८०० |
| २२. | फलफुल, पसल | ४०००.० | १५००.० | ७५० | ५०० |
| २३. | तरकारी पसल | ४०००.० | १५००.० | ७५० | ५०० |
| २४. | मासु जन्य पसल | ४०००.० | २०००.० | १००० | ८०० |
| २५. | माछा पसल | ३०००.० | १५००.० | १००० | ५०० |
| २६. | म:म पसल | ३०००.० | १५००.० | १००० | ५०० |
| २७. | फोटो स्टुडियो | ४०००.० | २०००.० | ११०० | ७५० |
| २८. | चस्मा पसल | २०००.० | १५००.० | ७५० | ५०० |
| २९. | ज्वेलरी पसल | ७००० | ३५०० | २५०० | २००० |
| ३०. | निजी अस्पताल | १२०००.० | १००००.० | ७०००.० | ५०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. | सबै क्लिनिकका औषधी पसल | ७000.0 | ३५00.0 | २५00 | १५00 |
| ३२. | पोलिक्लिनिक | १0000.0 | ७000.0 | ५000 | ३000 |
| ३३. | मेडिकल ल्याब | ६000.0 | ३000.0 | १५00 | १२00 |
| ३४. | फिजियोथेरापी | ४000.0 | २000.0 | १000 | ५00 |
| ३५. | स्वास्थ्य क्लिनिक | ४000.0 | २000.0 | १000.0 | ७५0.0 |
| ३६. | आँखा क्लिनिक | ४000.0 | २000.0 | १000.0 | ७५0.0 |
| ३७. | होमियोप्याथिक क्लिनिक | १0000.0 | ५000.0 | ३000.0 | २000.0 |
| ३८. | आयुर्वेदीक क्लिनिक | ४000.0 | २000.0 | १000.0 | ७५0.0 |
| ३९. | जडीबुट्टी खरिद विक्री केन्द्र | ३000.0 | १५00.0 | ७५0 | ५00 |
| ४०. | डेण्टल क्लिनिक | ४000.0 | २000.0 | १000.0 | ७५0.0 |
| ४१. | भाँडा पसल | ५000.0 | २000.0 | १२00 | ८५0 |
| ४२. | जुत्ता पसल | ३000.0 | १५00.0 | ७५0 | ५00 |
| ४३. | प्लास्टीक जन्य वस्तु विक्री पसल | ४000.0 | २000.0 | १000 | ५00 |
| ४४. | स्टेशसनरी तथा पुस्तक पसल | ४000.0 | २000.0 | ११00 | ७५0 |
| ४५. | छापाखाना | ७000.0 | ३५00.0 | २५00 | २000 |
| ४६. | सप्लायर्स | १0000.0 | ५000.0 | २000 | १000 |
| ४७. | ब्युटि पार्लर | ४000.0 | २000.0 | १000 | ५00 |
| ४८. | शैलुन | ५000.0 | २000.0 | १000 | ५00 |
| ४९. | बुटिक | ४000.0 | २000.0 | १000.0 | ७५0 |
| ५०. | आईक्रिम पार्लर | ४000.0 | १५00.0 | ७५0 | ५00 |
| ५१. | वेकरी उद्योग | ४000.0 | २000.0 | १३00 | ११00 |
| ५२. | मसला उद्योग | २000.0 | १000.0 | ७५0 | ५00 |
| ५३. | चाउमिन उद्योग | ४000.0 | २000.0 | १000 | ७५0 |
| ५४. | स्टील फर्निचर | ५000.0 | ३000.0 | २000 | १५00 |
| ५५. | काष्ठकला /फर्निचर उद्योग | १५000.0 | ७000.0 | ५000 | २000 |
| ५६. | ग्लास हाउस | ५000.0 | २000.0 | ११00 | ७५0 |
| ५७. | फलाम पसल ताथा ज्यासल | २000.0 | १000.0 | ७५0 | ५00 |
| ५८. | ग्रील पसल | ४000.0 | २000.0 | १000 | ५00 |
| ५९. | इटा वालुवा डिपो | ४000.0 | २000.0 | १000 | ५00 |
| ६०. | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इटा उद्योग | १0000.0 | ८000.0 | ६000.0 | ३000 |
| ६१. | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने क्रसर उद्योग | २५000.0 | २0000.0 | १५000.0 | १0000 |
| ६२. | ब्लकउद्योग | ४000.0 | २000.0 | १000 | ५00 |
| ६३. | ढुवानी सेवा | ८000.0 | ५000.0 | ३000.0 | १५00 |
| ६४. | निर्माण व्यवसाय घ वर्ग | ३000.0 | | | |
| ६५. | पेट्रोलियम पदार्थ | १५000.0 | ८000.0 | ५000 | ३000 |
| ६६. | हार्डवयर | ८000.0 | ४000.0 | २५00.0 | १५00. |
| ६७. | कानून ब्यवसाय | १५00.0 | | | |
| ६८. | लेखापढी, ब्यवसाय | १000.0 | | | |
| ६९. | मेनपावर सप्लायर्स, | २000.0 | १५00.0 | ११00 | ७५0 |
| ७०. | पेन्टर, र पेन्टिङ्ग आदि | ४000.0 | १५00.0 | ७५0 | ५00 |
| ७१. | आर्ट | २000.0 | १000.0 | ७५0 | ५00 |
| ७२. | कम्प्युटर इष्टिच्युट | ५000.0 | ३000.0 | २000 | १५00 |
| ७३. | इन्टरनेट सेवा | ४000.0 | २000.0 | १000 | ५00 |
| ७४. | कम्युनिकेसन | ३000.0 | २५00.0 | २000 | १८00 |

विश्वसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ७५. | केबुल संचालन | २५000.0 | १५000.0 | १0000 | ७000 |
| ७६. | इन्जिनियरिङ्ग तथा कन्सलटेन्सी सेवा | ७000.0 | | | |
| ७७. | होस्टल | १५00 | १२00 | ११00 | ७५0 |
| ७८. | पार्टि प्यालेस | १0000.0 | ७000.0 | ५000.0 | ३000.0 |
| ७९. | टेन्ट हाउस | ४000.0 | २000.0 | १000 | ५00 |
| ८0. | क्याटरिङ्ग | ५000.0 | २000.0 | १000 | ५00 |
| ८१. | पुल हाउस | ५000.0 | ४000.0 | ३000.0 | २000.0 |
| ८२. | जिम, हाउस | ५000.0 | ४000.0 | ३000.0 | २000.0 |
| ८३. | होलर मिल | ६000.0 | ३000.0 | १५00 | १२00 |
| ८४. | सेलर मिल | ४000.0 | २000.0 | १000 | ५00 |
| ८५. | घट्ट | ३000.0 | १५00.0 | १000 | ५00 |
| ८६. | शित भण्डार | ६000.0 | ३000.0 | १५00 | १२00 |
| ८७. | दाना/चल्ला | ४000.0 | २000.0 | १000 | ५00 |
| ८८. | पोल्ट्री फर्म | ४000.0 | २000.0 | १३00 | ११00 |
| ८९. | विमा कम्पनी | १0000.0 | | | |
| ९0. | क वर्गको वैक | १५000.0 | | | |
| ९१. | ख वर्गको वैक | १0000 | | | |
| ९२. | लधुवित्त वैक | ५000 | | | |
| ९३. | राष्ट्रिय सहकारी बैक | १0000 | | | |
| ९४. | एफएम, रेडियो | ५000.0 | | | |
| ९५. | निजी बोडिङ्ग स्कुल :-<br>क. मा.वि.<br>ख. आधारभुत<br>ग. पूर्व प्राथमिक<br>घ.मन्टेश्वरी | <br>५000.0<br>२५00.0<br>१५00.0<br>१000.0 | | | |
| ९६. | भाषा प्रशिक्षण | ६000.0 | ३000.0 | १५00 | १२00 |
| ९७. | तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा | २0000.0 | १0000.0 | ५000 | ३000 |
| ९८. | गोवरग्याँस/वायोग्याँस | ६000.0 | ३000.0 | २४५0 | २000 |
| ९९.. | ग्याँस विक्रेता डिलर | ४000.0 | २000.0 | १000 | ७५0 |
| १00.. | बीमा अभिकर्ता | २000.0 | १२00.0 | १000 | ७५0 |
| १0१. | वर्कशप | २000.0 | १000.0 | ७५0 | ५00 |
| १0२. | गाडी,ट्याक्टर तथा मोटर साइकल मर्मत | ४000.0 | २000.0 | १६५0 | १२00 |
| १0३. | टायर मर्मत तथा हावा भर्ने | २000.0 | १000.0 | ७५0 | ५00 |
| १0४. | ट्याक्ट्र विक्रेता | १५000.0 | १२000.0 | १0000 | ७000 |
| १0५. | चारपाङ्ग्रे सवारी साधन विक्रेता | २0000.0 | १५000.0 | १0000.0 | ५000 |
| १0६. | मोटर साइकल विक्रेता | १२000.0 | ७000.0 | ५000 | ३000 |
| १0७. | गाडि तथा मोटर साईकलको पार्टपूर्जा विक्री | १0000.0 | ५000.0 | ३000.0 | २000.0 |
| १0८. | तीन पाङ्ग्रे सवारी साधन विक्रेता | ८000.0 | ५000.0 | ३000.0 | १५00.0 |
| १0९. | बहुउद्धेश्यीय सहकारी र बचत तथा ऋण सहकारी :<br>(क) सहकारी संस्था लि.रु १ देखी १ करोड सम्म<br>(ख) १ करोड १ देखी ५ करोड सम्म<br>(ग) ५ करोड भन्दा माथिको कारोवाम | <br>३000<br>५000<br>७000 | | | |
| ११0. | ड्राई क्लिनर | १२00 | ९00 | ७५0 | ५00 |
| १११. | रंग र रंग संग सम्वन्धित व्यवसाय पसल | ५000 | ४000 | ३000 | २५00 |
| ११२. | पलम्विङ्ग सेन्टर | २000.0 | १५00.0 | १000.0 | ७५0.0 |

प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ११३. | एग्रो / ट्रेडर्स | १५०० | १२०० | ११०० | ७५० |
| ११४. | साझा कृषि भण्डार | १५०० | १२०० | ११०० | ७५० |
| ११५. | व्याक हो लोडर विक्रेता | २००००.० | १००००.० | ५०००.० | |
| ११६. | म्युजिक /डान्स सेन्टर | ४०००.० | २०००.० | १०००.० | ७५०.० |
| ११७. | डल बनाउने/विक्रेता | ४०००.० | २०००.० | १०००.० | ७५०.० |
| ११८. | कवाडी पसल | ४०००.० | २०००.० | १०००.० | ७५०.० |
| ११९. | वासिङ प्लाण्ट | १००००.० | ८०००.० | ६०००.० | ३०००.० |
| १२०. | एक्वारम हाउस | १५०० | १२०० | ११०० | ७५० |
| १२१. | दरी (कार्पेट) तथा रग (राडीपाखी) उतपादन | ५००० | ४००० | ३००० | २५०० |

नोट :- व्यवसाय कर प्रयोजनको लागि वार्षिक रु.१ देखि २० लाख सम्मको कारोबारमा घ वर्ग २० लाख १ देखि रु.५० लाख सम्मको कारोबारमा ग वर्ग, रु.५० लाख १ देखी १ करोड सम्मको कारोबारमा ख वर्ग र १ करोड देखी मथिको कारोबारमा क वर्ग कायम गर्ने ।

## अनुसूचि -४

**(दफा ५ संग सम्वन्धित)**

**११४५१ सवारी साधन करको दररेट :- (वार्षिक)**

| सि.नं. | सवारी साधनको नाम | सवारी कर दर्ता तथा सवारी नविकरण शुल्क : |
|---|---|---|
| १. | अटो रिक्शा दर्ता | १०००।- |
| २. | ठेला दर्ता | ३००।- |
| ३ | अटो नविकरण | ३००।- |
| ४ | ठेला नविकरण | १००।- |

## अनुसूचि -५

**(दफा ६ संग सम्वन्धित)**

**११४७२ विज्ञापन करको दररेट :-** (वार्षिक)

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | व्यवसायिक प्रयोजनको लागि सार्वजनिक स्थल, सडक छेउमा राखिएको होडिङ्ग बोर्ड भित्ते लेखन आदिमा प्रतिवर्ग फुट | ५०।- |
| २. | तुल, व्यानर आदिमा एक पटकको लागि प्रति वर्गफुट | २०।- |

नोटः विज्ञापन कर असुल गर्दा आफ्नो पसल चिनाउने उद्धेश्यले राखिएको व्यवसायको पसल/भवन भित्र राखिएको व्यानर वा सूचना वोर्डमा वा स्थानीय व्यवसायको हितका लागि गरिएको जानकारीमूलक सूचनामा यस अनुसूचि वमोजिम विज्ञापन कर लाग्ने छैन् । यदि त्यसमा कुनै उत्पादन कम्पनी वा अन्य कुनै विज्ञापन सामाग्री समावेश भएको अवस्थामा विज्ञापन सामाग्री रहेको हदसम्म यस अनुसूचि वमोजिम कर लाग्नेछ ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| सि.नं. | नाम | एकाई | हाल कायम भएको मूल्य रु. |
|---|---|---|---|
| १. | जडिबुटी तर्फ | | |
| | तेन्दु पात | प्रति के.जि | २।- |
| (घ) | फल र बिज जाति | | |
| | टिम्बुर | प्रति के.जि | २।- |
| | पाङ्गो | प्रति के.जि | २।- |
| | ओखर | प्रति के.जि | २।- |
| | रिठ्ठ/हर्रो/वर्रो /अमला | प्रति के.जि | २।- |
| | ईन्द्रायणीको वियाँ | प्रति के.जि | २।- |
| | वन करेलाको वियाँ | प्रति के.जि | २।- |
| | सुगन्धको किला | प्रति के.जि | २।- |
| | सालको वियाँ | प्रति के.जि | २।- |
| | वनकस (खर), बाबियो ,महलन पत्ता, छवाली, पराल<br>वगास, निगालो, लोक्ता, पटेर अमरिसो कुचो | प्रति ट्याक्टर<br>प्रति ट्रक | १००।-<br>३००।- |

प्रचलित कानुनले निषेधित गरे वाहेकका पछीहरु करदर :

| सि.नं. | नाम | एकाई | हाल कायम भएको |
|---|---|---|---|
| १. | हाँसको प्वाँख | प्रति के.जी | ५।- |
| २. | कुखुराको प्वाँख | प्रति के.जी | २।- |
| ४. | हाड, सिङ र खुर | प्रति के.जी. | २।- |
| ५. | छाला ठूलो | प्रति गोटा | ३०।- |
| ६. | छाला सानो | प्रति गोटा | १५।- |

२.पशु जन्य तर्फको करदर कायम :

| सि.नं. | नाम | एकाई. | हाल कायम भएको |
|---|---|---|---|
| १. | हाँस/कुखुरा | प्रति गोटा | १।३० |
| २. | खसी/बाखा | प्रति गोटा | ५०।- |
| ३. | राँगा/गोरु | प्रति गोटा | १००।- |
| ४. | सुंगुर/बंगुर | प्रति गोटा | ६०।- |

३. पुन: प्रयोग गरी (रियूज) गर्ने देहाय वमोजिमका वस्तुमा देहाय वमोजिमको करको दर :

| सि.नं. | नाम | एकाई | हाल कायम भएको |
|---|---|---|---|
| १. | खाली सिसि (वियर) बोतलको साइज हेरी | प्रति गोटा | ००।१० |
| २. | खाली सिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ००।१० |
| ३. | खाली सिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ००।२० |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुडा, पुराना जुत्ता, चप्पल, ग्यालिन र जर्रकिन आदि) | प्रति के.जी. | ००।३० |
| ५. | खाली बोरा | प्रति गोटा | ००।१० |
| ६. | ५० के.जी. सम्म अटने जुटका बोरा | प्रति गोटा | ००।१५ |
| ७. | १०० के.जी. सम्म अटने जुटका बोरा | प्रति गोटा | ००।२० |
| ८. | तेलको टिन १० लिटर भन्दा बढी अटने | प्रति गोटा | ००।२० |
| ९. | तेलको टिन १० लिटर भन्दा कम अटने | प्रति गोटा | ००।१० |

४. पुन: प्रशोधन (रिसाइकलिङ्ग) गरी पुन: प्रयोग हुन सक्ने कवाडी मालसामानहरुको करको दर :

| सि.नं. | नाम | एकाई | हाल प्रस्तावित दर |
|---|---|---|---|
| १. | फिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रति के.जी. | २।- |
| २. | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी. | २।- |

अधिकृत

पोखरेल

| सि.नं. | नाम | एकाई | हाल प्रस्तावित दर |
|---|---|---|---|
| ३. | जलेको मोविल | प्रति लिटर | २।- |
| ४. | जूट र प्लाष्टिकका बोरा | प्रति के.जी. | २।- |
| ५. | कार्पेटका टुक्रा | प्रति के.जी. | २।- |
| ६. | टायर ट्युव | प्रति के.जी. | २।- |
| ७. | थोत्रो टिन | प्रति के.जी. | ००।२० |
| ८. | पुरानो ड्रम | प्रति के.जी. | ००।१५ |
| ९. | पुरानो कागज<br>अखबार (न्यूज प्रिन्ट)<br>अन्य कागज (कार्टुन समेत) | <br>प्रति के.जी.<br>प्रति के.जी. | <br>००।२५<br>००।३० |
| १०. | धातुका टुक्राहरु र पत्रु भइ काम नलाग्ने सामानहरु फलाम<br>अन्य धातु (पित्तल, तामा आदि)<br>थोत्रियर काम नलाग्ने मेशिन औजार | प्रति के.जी.<br>प्रति के.जी.<br>प्रति के.जी. | ००।३०<br>१।-<br>००।५० |
| ११. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | ००।२० |
| १२. | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | १।- |
| १३. | काँचको धुलो र टुक्रा | प्रति के.जी. | ००।२० |
| १४. | प्रचलित कानूनले निषेध गरेका वाहेकका अन्य सामानहरु | प्रति के.जी. | २।- |

अनुसूचि -८
(दफा ९ संग सम्बन्धित)

**११३२२ बहाल बिटौरी शुल्कदर: (मासिक)**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | न.पा क्षेत्र भित्र लाग्ने साप्ताहिक हाटबजारमा न.पा. को स्वीकृत दर अनुसार | |
| २. | न.पा. क्षेत्र भित्रको ऐलानी जग्गा कुनैं व्यक्ति वा संघ /सस्थालाई व्यापार गर्ने प्रयोजनका लागि अस्थायी रुपमा उपलब्ध गराउँदा प्रतिवर्ग फिट | ३०।- |

**हाट बजार बिटौरी करको दर :-**

| सि.नं. | मालसामानको विवरण | दर रु. |
|---|---|---|
| १. | खसी, वोका प्रतिगोटा १ को | ५०.०० |
| २. | कुखुरा प्रतिगोटा | ५.०० |
| ३. | राँगा काटी बेच्ने सँग प्रति गोटा १ को | ३००.०० |
| ४. | सुगुर /वंगुर काटी बेच्ने सँग प्रति गोटा १ को | २००.०० |
| ५. | सुगुर /वंगुर प्रति गोटा | ५०.०० |
| ६. | राँगा भैसीको छाला १ को | १००.०० |
| ७. | आलो माछा तथा सुकेका माछा प्रति पसल | ७०.०० |
| ८. | पहाड बाट ल्याउने आलु,प्याज र अदुवा भारी १ को | ३०.०० |
| ९. | अम्वा, आरु, लिचि र आरु वखडा भारी १ को | १५.०० |
| १०. | तरकारी पसल | ५०.०० |
| ११. | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | २०.०० |
| १२. | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०.०० |
| १३. | काउली कटहर रुखकटहर भारी १ को | ३०.०० |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | |
|---|---|---|
| १४. | बोडी, मास, मस्याङ्ग, भटमास, बदाम र केराउ गहत, आदि प्रति पसल १ को | ५०.०० |
| १५. | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी भारी १ को | ३०.०० |
| १६. | इस्कुस, फर्सि, लौका साग र तोरिङ्गा भारी १ को | १५.०० |
| १७. | उखु, निबुवा, भोगटे, कागती भारी १ को | १५.०० |
| १८. | मकै,गहूँ कोदो, चिउरा, चामल फापर र तोरी प्रति पसल १ को | ५०.०० |
| १९. | घिउ प्रति किलो | २०.०० |
| २०. | शैलुन पसल १ को | ५०.०० |
| २१. | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०.०० |
| २२. | फलाम तथा काठवाट बनेका कृषि र घरेलु सामान पसल १ को | ५०.०० |
| २३. | औषधि वा जडीवुट्टि दोकान १ को | ५०.०० |
| २४. | बाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा बाँसवाट बनेको सामान पसल १ को | २०.०० |
| २५. | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट वाट बनेको सामान पसल १को | १५.०० |
| २६. | चिराइतो र सिन्कौली तथा कुरिलो भारी १ को | ५०.०० |
| २७. | रोटी पकाई वेच्ने दोकान १ को | ५०.०० |
| २८. | मिठाई पकाई विक्री गर्ने दोकान १ को | ५०.०० |
| २९. | राडी पाखी गलैंचा दोकान १ को | १००.०० |
| ३०. | मनोरञ्जन देखाउने दोकान १ को | २००.०० |
| ३१. | लत्ता कपडा पसल १ को | १००.०० |
| ३२. | मिठा सखर दोकान १ को | ३०.०० |
| ३३. | किराना पसल १ को | १००.०० |
| ३४. | भाडाकुडा पसल १ को | २००.०० |
| ३५. | औंठी लगायत धातुका गहना पसल १ को | ५०.०० |
| ३६. | चुरा तथा मनिहरा पसल १ को | ५०.०० |
| ३७. | जुत्ता ,चप्पल पसल १ को | १००.०० |
| ३८. | चटपट्टे पसल १ को | ५०.०० |
| ३९. | सटरमा पसल राख्ने पसल १ को | १५०.०० |
| ४०. | वरफ पसल १ को | ३०.०० |
| ४१. | बिरुवा तथा वेर्ना विक्रेता पसल १ को | ३०.०० |
| ४२. | खाजा/ नास्ता पसल १ को | ५०.०० |
| ४३. | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ५०.०० |

अनुसूचि -९
(दफा १०संग सम्बन्धित)

**१४२४१ पार्किङ्ग शुल्कः**

| | | |
|---|---|---|
| १. | बस,ट्रक, हायस गाडीमा | ५०।- दैनिक |
| २. | भाडाका कार जिप र वोलेरो र ट्याक्टर | ३०।- दैनिक |
| ३. | भाडाको अटो (टेम्पो) | २५।- दैनिक |
| ४. | मोटर साईकल | १०।- दैनिक |

नोटः ५ मिनेट भन्दा कम समयको पार्किङ्ग शुल्क लाग्ने छैन ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूचि -१०

(दफा ११ संग सम्बन्धित)

## १४२१९ अन्य सेवा शुल्क :-

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | फिराद- पत्र/प्रतिउतर -पत्र -न्यायीक समितिमा) दर्ता दस्तुर | १००।- |
| २ | व्यक्तिको लेन/देनको करोवार वडा बाट प्रमाणित गर्दा:<br>२ लाख सम्मको<br>रु.२ लाख १ देखी ५ लाख सम्मको<br>रु.५ लाख १ देखी १० लाख सम्मको<br>रु. १० लाख माथिकोमा | ५००।-<br>१०००।-<br>१५००।-<br>२५००।- |
| | रु.१ लाख देखी रु.३ लाख सम्मको पुँजी लगानी भएको व्यवसाय दर्ता शूल्क | रु.३०००।- |
| | रु.३ लाख देखी रु.५ लाख सम्मको पुँजी लगानी भएको व्यवसाय दर्ता शूल्क | रु.६०००।- |
| ३. | घर खाली गर्ने | १०००।- |
| ४. | कमलामाई नगरक्षेत्र भित्रका विद्युत पोलहरुमा नेपाल विधुत<br>प्राधिकरण संग एकल पोलको वार्षिक<br>डबल पोलको वार्षिक<br>ट्रान्सफरमर राखिएको पोल सहीत<br>हाईट्रेन्सनको ठूलो टावर (प्रति टावर) | ५०।-<br>७५।-<br>१००।-<br>३००।- |
| ५. | साँध सीमाना छुट्याउने पहिलो कित्ताको लागि | १५००।- त्यसपछि प्रति कित्ता थप रु. ३००। |
| ६. | शौचालय सञ्चालन | १५००।- मासिक |
| | **सरसफाई तर्फ** | |
| ७. | ठुला होटल एण्ड लज सहित | ८००।- मासिक |
| ८. | थोक पसल | ५००।- मासिक |
| ९. | खुद्रा पसल/साना होटल लज वाहेक | ३००।- मासिक |
| १०. | पक्की घर तीनतला भन्दा माथि | १५०।- मासिक |
| ११. | तरकारी पसल/कपाल काट्ने शैलुन | १००।- मासिक |
| १२. | पक्की घर दुईतला सम्म | १००।- मासिक |
| १३. | पक्की घर १ तले/कच्ची घर /मासु पसल/ठेला/टेलर/अन्य | ७५।- मासिक |
| १४. | कारखाना/ग्यारेज /टायल ब्लक उद्योग | १०००।- मासिक |
| १५. | साना होटल लज सहीत | ६००।- मासिक |
| १६. | निजी क्लिनिक | २००।- मासिक |
| १७. | निजी अस्पताल | ४००।- मासिक |

**नोट : ठूला होटल लज सहीत भन्नाले १० कोठा भन्दा बढीलाई जनाउछ र १० कोठा भन्दा कम लाई साना होटल लज सहीत भन्ने जनाउँदछ ।**

...प्रकाशेन ढकाल
...शासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विवरण दाखिला गर्ने म्याद भित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर:-

| सम्पत्तिको मूल्यांकन रकम | चालू आ.व.भित्रै म्याद नाघेमा | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म | म्याद नाघेको पाँचौं आ.व. पछी दशौं आ.व. सम्म |
|---|---|---|---|---|---|
| १ लाखसम्म । | रु १० | रु २० | रु ५० | रु १०० | रु २०० |
| १ लाख भन्दा माथी ५ लाख सम्म | रु ३० | रु ६० | रु १२० | रु २४० | रु ४८० |
| ५ लाख भन्दामाथि १० लाखसम्म । | रु ५० | रु १०० | रु २०० | रु ४०० | रु ८०० |
